नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

( आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७५/०७६

चलानी .नं: २०६१

मितिः- २०७६/०२/०७

श्री जिल्ला समन्वय समिति (सबै),

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै),

श्री गाउँपालिका (सबै),

विषयः- गणतन्त्र दिवस मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा गृह मन्त्रालय गणतन्त्र दिवस मुल समारोह समिति २०७६ को च.नं. १०१४, मिति २०७६/०२/०२ को प्राप्त पत्रको छायाँकपि यसै साथ संलग्न छ । उक्त पत्रमा लेखिए अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्र जंग थापा)

शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

गणतन्त्र दिवस
मूल समारोह समिति, २०७६

पत्र संख्याः- गणतन्त्र/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १०१४

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति : २०७६/०२/०२

विषयः गणतन्त्र दिवस मनाउने सम्वन्धमा ।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

गणतन्त्र दिवस व्यापक जनसहभागिताका साथ भव्य रुपमा मनाउनका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गणतन्त्र दिवस मूल समारोह समिति २०७६ गठन भई उक्त मूल समितिबाट देहाय बमोजिमको निर्णय भएकोले सोही अनुसारको व्यवस्था गर्न सम्बन्धित सबै जिल्ला समन्वय समिति एवं जिल्ला स्थित स्थानीय तहहरुलाई पत्राचार गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

देहाय

"उपत्यका बाहिरका प्रदेशका केन्द्रहरुमा प्रदेश सरकारको मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय समिति र जिल्लाका सदरमुकामहरुमा जिल्ला समन्वय समितिका अध्यक्षको अध्यक्षतामा गणतन्त्र दिवस जिल्ला समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमकासाथ जेठ १४, १५ र १६ गते तीन दिनसम्म गणतन्त्र दिवस मनाउने र साझँ दिपावली गर्ने ।

त्यसैगरी जिल्ला सदरमुकाम बाहेकका स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्षको अध्यक्षतामा स्थानीय तह स्तरीय समारोह समिति गठन गरी स्थानीय सामाजिक एवं राजनीतिक संघ-संस्थाहरुका साथै समाजका सबै वर्ग, व्यवसाय र क्षेत्रका महानुभावहरुबाट स्थानीय तहका वडा स्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शनी र सरसफाई जस्ता विविध कार्यक्रम सहित जेठ १४, १५ र १६ गते तीन दिनसम्म गणतन्त्र दिवस मनाउने र साँझ दिपावली गर्ने व्यवस्था मिलाउने।"

(माहादेव पन्थ)
सह सचिव